म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १६८ शनिबार १३ माघ २०८० ने. सं. ११४४ पोहेलागा 27 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कृषिजन्य फोहोर व्यवस्थापनमा थाहा नगरको काम सुरु

हेटौंडा, १२ माघ/मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका कार्यालयले नकुहिने कृषिजन्य फोहोर व्यवस्थापनसम्बन्धी काम सुरु गरेको छ ।

बढ्दो कृषि आधुनिकीकरणसँगै छरपस्टरुपमा रहेको कृषिजन्य फोहोर संकलनमा पालिकाले कार्ययोजनासहित काम थालेको हो । पालिकालेले प्रयोग भैसकेको मल्चिङ प्लाष्टिक, टनेल प्लाष्टिक, विषादीको खोल/बट्टा ग्रिन नेटलगायतको नकुहिने फोहोर व्यवस्थापनसम्बन्धी काम थालेको हो । नगरपालिकाको कृषि विकास शाखाले ५ माघमा सूचना जारी गर्दै किसानलाई कृषिजन्य फोहोर जथाभावी नफाल्न अनुरोध गरेको छ । पालिकाले तत्कालका लागि यहि माघ ७ देखि १२ गतेसम्म त्यस्ता फोहोर संकलन गर्न सवारी साधनको व्यवस्था गरेको कृषि विकास शाखाप्रमुख सञ्जय तिवारीले जानकारी दिए ।

# चित्लाङ-चन्द्रागिरी सडकमा थपियो ८ करोड रुपैयाँ

साझाकुरा संवाददाता



हेटौंडा, १२ माघ/ 'हेटौंडा-काठमाडौं जोड्ने चन्द्रागिरी-थानकोट सडकमा करिब ८ करोड रुपैयाँ थप निकाशा हुने भएको छ । मकवानपुरका सांसद महेशकुमार बर्तौलाका अनुसार यो सडक खण्डको स्तरीकरणका लागि तत्काल थप ७ करोड ९९ लाख रुपैयाँ थपिएको हो ।

काठमाडौं-चन्द्रागिरी-चित्लाङ जोड्ने २२ किलोमिटर मोटरबाटो डरलाग्दो र धराप बनेपछि सर्वत्र चासोको बिषय बनेको थियो । यो सडक खण्डको अप्ठेरो भाग थानकोटदेखि चन्द्रागिरी डाँडासम्म छ । सडकका कारण सवारीसाधन टुटफुट हुनु, सामान्य दुर्घटना हुनु, धुलैधुलो हुनु आमयात्रुको दिनचर्या बनेको छ । सडक पहिले भन्दा केही फराकिलो भयो तर, कच्ची अवस्थाका कारण हिउँदमा धुलैधुलो र वर्षामा हिलाम्य हुनाले गाडी चलाउन कठिन बनिरहेको थियो ।

चितलाङ-चन्द्रागिरी-थानकोट सडक खण्डको स्तरीकरण गर्न चालु आर्थिक वर्षका लागि २० करोड रुपैयाँ माग गरिएको तर अर्थमन्त्रालयले २ करोड रुपैयाँ बिनियोजन गरेको सांसद बर्तौलाले बताए । त्यसमा सडक विकास बोर्डको थप एक करोड ५० लाख रुपैयाँ समेतको काम भइरहेको बताइएको छ । अर्थमन्त्रालयले २ करोड रुपैयाँ बिनियोजन गरेको यो सडकका लागि केही दिनभित्रै बोलपत्र हुनेगरी चालु आर्थिक वर्षको बजेटबाट थप ८ करोड बिनियोजन हुने भएको सांसद बर्तौलाले साझाकुरालाई बताए ।

यो सडकखण्ड हेर्ने सडक डिभिजन कार्यालय काठमाडौंले पर्याप्त बजेट नभएका कारण मर्मतसम्भार गर्न नसकेको बताएको थियो । थानकोट-चन्द्रागिरी-चित्लाङ सडक खण्डको २२ किलोमिटरमध्ये चार किलोमिटर अत्यन्तै जोखिमपूर्ण उकालो रहेकाले त्यसलाई सुधार गरेर कालोपत्रे नगरेसम्म सधैं यात्रुले दुःख पाइरहने अवस्था छ । चार किलोमिटर सडक मात्रै सुधार गर्दा पनि धेरै हदसम्म सडक सुरक्षित र सर्वसाधारणको यात्रा सहज हुने डिभिजन सडकका प्राबिधिकहरु बताउँछन् ।

मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका र काठमाडौं जोड्ने चित्लाङ-चन्द्रागिरि-थानकोट सडकलाई गणेशमान सिंह मार्ग नामाकरण गरिएको छ । २०७३ सालमा सडक निर्माण सुरु गरेको ठेकेदार कम्पनीले निर्माणकार्यलाई भन्दा पनि सडक चौडा बनाउँदा निस्केको ढुंगा बेच्नेतर्फ ध्यान दिँदा चित्लाङ-थानकोट सडक त्यति बेलादेखि अलपत्र परेको थियो । सरकारले २०६२ सालदेखि यो सडक निर्माण सुरु गरेको हो । वडा तहदेखि पालिका, प्रदेशसभा सदस्य, प्रतिनिधिसभा सदस्यहरुको एकमतले यो योजनामा रकम बिनियोजन गर्न दवाब दिनुपर्ने सांसद बर्तौलाको जोड छ ।

केही समय अघि बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले सडक निर्माणमा चासो देखाउँदै चित्लाङमा सर्वपक्षीय भेला पनि राखेको थियो । भेलामा सहभागी स्थानीयले ठेकेदार कम्पनीको लापरबाहीको कारण सडक निर्माण अलपत्र परेको बताएका थिए । चित्लाङ-थानकोट सडक (गणेशमान सिंह मार्ग) आयोजनाले थानकोट-चित्लाङ मार्गको काठमाडौंतर्फ पानीघाटदेखि देउरालीसम्मको २.५ किलोमिटरको चट्टानी पहाडमा समस्या भएको जनाएको छ ।

आर्थिक वर्ष २०७०/७१ देखि हालसम्म यो सडकमा अरबौं रुपैयाँ खर्च भइसकेको आयोजनाले जानकारी दिएको छ । नेपालको प्राचीन सडक अर्थात् पुरातात्विक, ऐतिहासिक, धार्मिक महत्वका सम्पदाले भरिपूर्ण चित्लाङ जोड्न भीमफेदी-कुलेखानी-चित्लाङ-थानकोट मार्गको स्तरोन्नतिको लागि प्रदेश सरकारले चासो देखाएपनि सोचेअनुरुपको प्रगति हासिल भएको छैन । थानकोट-चित्लाङ सडकलाई समग्र मकवानपुर र विशेष उत्तरी क्षेत्र थाहानगर, इन्द्रसरोबर गाउँपालिकाले 'समृद्धि ढोका'को रुपमा लिने गरिएको छ । थानकोट-चित्लाङ सडकमा अनावश्यक राजनीति भएकोले गर्दा बाटो निर्माणमा बजेट ल्याउन नसकेको प्रतिनिधिसभा सदस्य बर्तौला बताउँछन् ।

देशकै प्रमुख पर्यटकीय गन्तव्य थाहानगर र ईन्द्रसरोवरको पर्यटनको विकासका लागि यो सडक छिटो निर्माण गर्न जरुरी छ । त्रिभुवन राजपथ सञ्चालन हुनुपूर्व काठमाडौं उपत्यकाको प्रवेशद्वार चितलाङ थियो । भीमफेदीको चिसापानीगढीमा राहदानी लिएर मात्र चन्द्रागिरी भएर काठमाडौं उपत्यका प्रबेश गर्न पाईन्थ्यो । संस्कृति र इतिहासको अध्ययन गर्नेहरुका लागि महत्वपूर्ण गन्तव्यका रुपमा रहेको चित्लाङको नाम पहिले चित्रापुर थियो । चैत्य जाने बाटो भएकाले पछि यसको नाम चैतलोङ रहन गएको मान्यता छ । पछि अपभ्रंश भएर यसको चित्लाङ रहन गएको स्थानीयवासी बताउँछन् ।

# इन्द्रसरोवरको ६ महिनामा बजेट खर्च झण्डै ६ करोड मात्रै

साझाकुरा संवाददाता



हेटौंडा, १२ माघ/ इन्द्रसरोवर गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म १२.०७ प्रतिशत वित्तीय प्रगति हासिल गरेको जनाएको छ ।

पालिकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको प्रगति विवरण (स्वत:प्रकाशन) मा यो तथ्यांक उल्लेख गरिएको छ । पालिकाले चालु आर्थिक वर्षका लागि ४९ करोड १७ लाख ७२ हजार बजेट विनियोजन गरेकोमा हालसम्म ५ करोड ९३ लाख ९२ हजार १ सय ५० रुपैयाँ मात्र खर्च गरेको सार्वजनिक विवरणमा उल्लेख छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ १४.५७ वित्तीय प्रगति हासिल गर्दा सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा १५.२६ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । पूर्वाधार विकासतर्फ १२.४९ प्रतिशत, सामाजिक विकासतर्फ ११.८४ र आर्थिक विकासतर्फ ४.६५ प्रतिशत वित्तीय प्रगति हासिल गरेको पालिकाले ८ माघमा सार्वजनिक गरेको विवरणमा उल्लेख गरिएको छ । चालु आर्थिक वर्षका लागि तर्जुमा भएका योजनामध्ये ४६ वटा योजना सम्झौता भएको छ ।

पालिकाले हालसम्म १४ वटा ऐन, ३३ वटा कार्यविधि, ४ वटा नियमावली, ५ वटा निर्देशिका, २ वटा मापदण्ड, नीति र रणनीति १/१ वटा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकामा कानून शाखा स्थापना गरी गाउँसभा तथा कार्यपालिकाबाट पारित कानूनलाई व्यवस्थित गरिएको पालिकाले जनाएको छ । सेवा प्रदान गर्ने शाखाहरु र जिम्मेवार व्यक्तिको विवरण सार्वजनिक गरिएको भएपनि शाखागत प्रगति विवरण भने स्वत: प्रकाशनमा उल्लेख गरिएको छैन ।

सार्वजनिक विवरण अनुसार सेवा प्रदान गर्ने शाखा र जिम्मेवार कर्मचारीमा प्रमुख प्रशासकीय अधिकृतसहित १४ जनाको नामावली पालिकाले सार्वजनिक गरेको छ । पालिकाका सूचना अधिकारी दीपक चापागाईद्वारा हस्ताक्षरित स्वत: प्रकाशन विवरणमा पालिकाको काम कार्तव्य, अधिकारसहित सेवा प्रवाह र पार दर्शिताका विधि अवलम्बन हुने झलक प्रकाशन गरिएको छ ।

# अञ्जनले संकटाबाट आहारारा गोल्डकप खेल्ने



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ नेपाली राष्ट्रिय टिमका स्टार हेटौंडेली अञ्जन विष्टसहित केही नाम चलेका खेलाडीले संकटा क्लबबाट २३ औं आहारारा पोखरा गोल्डकप खेल्ने भएका छन् ।

अञ्जनसहित मिडफिल्डर लकेन लिम्बु, गोलकिपर दीप लिम्बु लगायत खेलाडीसहित आहारारा पोखरा गोल्डकपको उपाधि रक्षा गर्ने लक्ष्यका साथ संकटा पोखरा आएका छन् । अञ्जन र लकेनले केही समयअघि सम्पन्न नेपाल सुपर लिग झापा एफसीबाट एकसाथ खेलेका थिए । यस्तै यसअघि भएको गत सिजनको ए डिभिजन लिगमा अञ्जनले चर्च ब्वाइजबाट खेलेका थिए भने लकेनले थ्रीस्टार क्लबबाट खेलेका थिए । यस्तै दीप कार्कीले वीरगंज युनाइटेडबाट एनएसएल खेलेका थिए ।

यसैगरी संकटाको अन्य खेलाडीमा राष्ट्रिय टिममा युवा मिडफिल्डर आयुष घलाल, राष्ट्रिय टिमबाट खेलिसकेका सुमित श्रेष्ठ र सुरजज्यु ठकुरी पनि छन् । यस्तै विदेशी खेलाडी फोडे फोफाना, स्टेफेन र जिन एनिसेट एमबोउमी पनि संकटाको टिममा छन् । फोडे र स्टेफेनले धनगढी एफसीबाट एनएसएल खेलेका थिए । संकटाको प्रशिक्षकमा रविन्द्र शिलाकार छन् भने अजय महर्जन गोलकिपर प्रशिक्षक छन् । साविक विजेता संकटाले यस सिजन सीधै क्वाटरफाइनलमा त्रिभुवन आर्मी एफसीसँग खेल्नेछ ।

# व्यवसायी न्यौपाने अब कांग्रेसमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/४ मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेससँगकै साँठगाँठले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जिल्ला संयोजक पद गुमाएका राजकुमार न्यौपाने कांग्रेसमै प्रवेश गरेका छन् ।

रास्वपा मकवानपुरको संस्थापक संयोजकसमेत रहेका न्यौपाने शुक्रबार हेटौंडामा आयोजित एक कार्यक्रममा नेपाली कांग्रेसमा प्रवेश गरेका हुन् । उनी मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्ष पनि भइसकेका छन् । दोस्रो पटकको प्रयासमा उनी पराजित भएका थिए । नेपाली कांग्रेसको ७८ औं स्थापना दिवसका दिन हेटौंडामा भएको कार्यक्रममा न्यौपानेलाई पार्टीका पूर्वमहामन्त्री प्रकाशमान सिंह र कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले पार्टीमा प्रवेश गराएका छन् ।

कांग्रेस छिर्दै न्यौपानेले रास्वपामा देश बनाउने कुनै एजेन्डा नभएको आरोप लगाए । रास्वपाले जनतालाई आश देखाएर निराश बनाइदिएकोले आफू कांग्रेसमा गएको उनको टिप्पणी छ । निर्वाचनमा रास्वपाका समानुपातिक सांसदलाई कांग्रेस नेताको घरमा लगेर भेट गराएको सम्बन्धमा उजुरी परेपछि उनलाई पार्टीले निलम्बन गरेको थियो । उनी यसअघि एमाले अध्यक्ष केपी शर्मा ओलीकै हातबाट टीका लगाउँदै बालकोटबाट एमाले प्रवेश गरेका थिए ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

"Education is the real treasure"

2055 HETAUDA ACADEMY 1998
EDUCATION IS THE REAL TREASURE

25 Years of Excellence in Education

Celebrating Silver Jubilee

22 days to go

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
057-525548 057-525547 057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# इतिहासकै ठूलो डेटा लिकको घटना, २६ अर्ब अकाउन्टमा कतै तपाईंको नाम त छैन ?






विश्वमा हालसम्मकै ठूलो डेटा लिकको घटना सार्वजनिक भएको छ । यस घटनामा अर्बौंको संख्यामा विभिन्न अनलाइन अकाउन्टहरु ह्याक भएका छन् । डेटा लिकको उक्त घटनापछि साइबर अपराधसँग सम्बन्धित चिन्ता झनै बढेको छ ।

उसो त विश्वमा हरेक दिन ठूलो संख्यामा मानिसहरु साइबर अपराधको सिकार हुन्छन् । यस्तोमा अर्बौं अकाउन्टका डेटाहरु लिक हुने विश्वभरका लागि एउटा ठूलो चिन्ताको विषय बनेको छ ।

रिपोर्ट अनुसार कम्तिमा २६ अर्ब अकाउन्टका डेटाहरु लिक भएका छन् । यसमा लिंक्डइन, स्नापच्याट, भेन्मो, एडोब र ट्वीटर अकाउन्ट समेत सामेल छन् । त्यसैले यसलाई इतिहासकै ठूलो डेटा लिक भनिएको छ ।

लिक भएका डेटामा युजरनेम तथा पासवर्ड जस्ता लगइन क्रेडेन्सियलका अलावा अन्य विवरणहरु पनि रहेका छन् । साइबर न्यूजको रिपोर्ट अनुसार यसरी लिक भएका डेटाहरुमा अधिकांस संवेदनशील विवरणहरु छन् । साइबर विज्ञहरुका अनुसार साइबर अपराधीहरुको हातमा पर्दा यसले इन्टरनेट प्रयोगकर्तालाई ठूलो जोखिमको सिर्जना गर्नेछ ।

यी विवरणको सहयोगमा ह्यकर तथा साइबर अपराधीहरुले विभिन्न खालका साइबर आक्रमण गर्न सक्दछन् । यी डेटाको सहयोगले कसैको पहिचान चोरी गर्न, फिसिंग स्क्याम, लक्षित साइबर आक्रमण तथा कसैको संवेदनशील अकाउन्टमा आक्रमण गर्ने जस्ता काम साइबर अपराधीले गर्ने जोखिम रहन्छ । साइबर न्यूजका सेक्योरिटी अनुसन्धानकर्ता मान्टस सासनस्कसका अनुसार सम्भवत: अधिकांश मानिसमा यसको प्रभाव पर्नेछ ।

लिक भएका डेटामध्ये ठूलो संख्यामा चिनियाँ इन्स्ट्यान्ट मेसेजिङ्ग प्लाटफर्म टेन्सेन्ट प्रयोगकर्ताका डेटा छन् । यसका १.४ अर्ब प्रयोगकर्ताका डेटा लिक भएका छन् ।

त्यस्तै दोस्रो नम्बरमा विबो रहेको छ, जसका ५० करोड ४० लाख अकाउन्टका डेटा लिक भएका छन् भने माइस्पेसका ३६ करोड, ट्वीटरका २८ करोड १० लाख र लिंक्डइनका २५ करोड १० लाख प्रयोगकर्ताका डेटा लिक भएका छन् । त्यस्तै म्युजिक स्ट्रिमिङ प्लाटफर्म डीजरका २५ करोड ८० लाख प्रयोगकर्ताका डेटा पनि लिक भएका छन् ।

त्यसका साथै एडोब, टेलिग्राम, ड्रपबक्स, दूरड्यास, क्यान्भा र स्नापच्याट लगायतका विभिन्न प्लाटफर्ममा डेटा पनि त्यसमा सामेल छन् ।

यदि यी २७ अर्ब डेटामा आफ्नो नाउँका डेटाहरु पनि छन् कि भन्ने जान्न मन छ भने तपाईंले सजिलैसँग त्यो पत्ता लगाउन सक्नुहुन्छ । त्यसका लागि https://cybernews.com/personal–data–leak–check/ वेबसाइटमा गएर आफ्नो इमेल ठेगाना हालेर हेर्न सक्नुहुन्छ ।

यदि तपाईंको डेटा कुनै लिकमा सामेल भएमा यो वेबसाइटले तपाईंलाई यसबारेमा जानकारी दिनेछ ।

**यौनस्वास्थ्य**

# पुरुषको खराब यौन स्वास्थ्यबारे जानकारी दिने यी चार लक्षण



जब सेक्ससँग सम्बन्धित समस्याको कुरा आउँछ तब पुरुष सधैं यो कुरा कसैलाई पनि भन्न नपरेपनि हुन्थ्यो भनेर सोच्ने गर्छन् । डाक्टरलाई आफ्नो समस्या भन्नबाट हिच्किचाउँछन् । तर डाक्टरले भने यौन स्वास्थ्यलाई गम्भीरताका साथ लिन सल्लाह दिन्छन् । किनभने वास्तवमा यसले हाम्रो मानसिक र शारीरिक स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्छ ।

दुर्भाग्यवश नेपालसहित संसारका थुप्रै देशमा यौन स्वास्थ्यबारे कुरा गरिँदैन । सेक्सका चर्चित विशेषज्ञले पुरुषले आफ्नो यौन स्वास्थ्यबारे समय हुँदा नै जानकारी भएको खण्डमा मात्रै यसको उपचार सम्भव भएको बताउने गर्छन् । एक एन्ड्रोलोजिस्टले यौनसम्बन्धि रोगबारे पत्ता लगाएर यसको उपचार गर्न सक्छन् ।

एन्ड्रोलोजिस्ट एक यस्ता दक्ष युरोलोजिस्ट हुन् जसले पुरुषमा बाँझोपन र यौन स्वास्थ्यसँग सम्बन्धित गम्भीरतालाई बुझ्न सक्छन् । विज्ञका अनुसार यदि कुनै व्यक्तिमा यौनसम्बन्धि यी चार प्रकारका समस्या महसुस भइरहेको छ भने उनीहरुले तुरुन्त एन्ड्रोलोजिस्टलाई सम्पर्क गर्नुपर्ने हुन्छ ।

यदि यौन क्रियाकलापपछि तपाईंको शीघ्रपतन भइरहेको छ भने तपाईं प्रिमेच्योर एज्याकुलेशनद्वारा पीडित भएको हुनसक्छ । यो समस्या धेरैजसो कम उमेरका नौजवानमा देखिने गर्छ । यद्यपि, यो समस्या कुनै पनि उमेर समूहमा देख्न सकिन्छ ।

यूरो एन्ड्रोलोजिस्ट्सका अनुसार प्रिमेच्योर इज्याकुलेशन बढी उमेर भएकाहरुमा इरेक्टाइल डिसफङ्सनको वार्निङ साइन पनि हुनसक्छ । यसले मानिसहरुमा एन्जाइटी डिसअर्डरको चेतावनीको कार्य पनि गर्नसक्छ ।

**यौनइच्छामा कमी**:

यौनइच्छामा कमीको अर्थ यौनको विषयमा तपाईंको इच्छा कम भइसकेको छ । यो समस्या पुरुषको हर्मोन टेस्टोस्टेरोनको कमीसँग पनि सम्बन्धित छ । वास्तवमा शरीरमा टेस्टोस्टेरोनको सम्बन्ध हाम्रो सेक्स ड्राइभ, स्पर्म प्रोडक्सन, मांसपेशी, कपाल र हड्डीसँग सम्बन्धित हुन्छ ।

डाक्टरका अनुसार टेस्टोस्टेरोनको कमीले मानिसको शरीर र मुडलाई प्रभावित गर्न सक्छ । डिप्रेशन, एन्जाइटी वा सम्बन्धमा समस्या यौनइच्छाको कमीका कारण पनि हुनसक्छन् । यसबाहेक मधुमेह, उच्च रक्तचाप समेत एन्टीडिप्रेसेन्टजस्ता विभिन्न प्रकारका उपचार ले पनि यस्तो समस्या झन् बढाएको हुनसक्छ ।

**बाँझोपन**:

बाँझोपनमा पुरुषले करिब ४० देखि ५० प्रतिशत योगदान दिने गर्छन् । गर्भधारण गर्न अयोग्य हुनुका थुप्रै प्रमुख कारण हुनसक्छन् । असन्तुलित हर्मोन र सेक्सुअल डिसफङ्सनसमेत थुप्रै कारणले पुरुष बाँझोपनको शिकार हुनसक्छन् ।

**इरेक्टाइल डिसफङ्सन**:

शारीरिक सम्बन्ध स्थापित गर्नका लागि आवश्यक पर्ने इरेक्सन तपाईंलाई प्राप्त गर्न र त्यसलाई कायम राख्न कठिनाई हुन्छ भने तपाईं इरेक्टाइल डिसफङ्सनद्वारा पीडित हुनसक्छन् । यस्तो समस्या त्यतिबेला हुन्छ जब मानिसको गुप्ताङ्गसम्म रक्त सञ्चार राम्रो हुन सक्दैन ।

थुप्रै पटक त यो समस्या शारीरिक अवस्था, मुटुजन्य रोग, थाइराइड बिग्रँदा, मधुमेह र हाइपरटेन्सनसँग सम्बन्धित हुनसक्छ । डाक्टरका अनुसार यो समस्या एन्जाइटी, स्ट्रेस र डिप्रेसनजस्ता मानसिक अवस्थासँग पनि सम्बन्धित हुनसक्छ ।

**साहित्य**

गीत

## तिमीलाई मैले...

✍ **सान्वि लामिछाने**
*कक्षा-७*
*जेम्स इङ्लिस मिडियम स्कूल, हेटौंडा-११*

तिमिलाई मैले मेरो मुटुमा समाई राखेँ
खुसीका ती दृश्य आफ्नो मनमा थामी राखेँ
बिताएका ती पलहरु आफ्नो हृदयमा समाइ राखेँ
हरेक जीवन तिमीसँग बिताउने खोजेँ
तिमीलाई मैले मेरो मुटुमा समाइ राखेँ.....

तिमीलाई मैले मेरो मुटुमा समाइ राखेँ
खुसीका ती दृश्य आफ्नो मनमा थामी राखेँ
सधैं तिम्रो निम्ती आफ्नो खुसी त्यागी दिएँ
सबै इच्छा तिम्रो लागि सुम्पी दिएँ
जीवनको मोडमा सधैं तिमीलाई नै खोजी हिडेँ
तिमीलाई मैले मेरो मुटुमा समाइ राखेँ ।

## गीत

✍ **अन्नीया लामा**
*कक्षा-५*
*त्रिभुवन सेकेन्डरी स्कूल, हेटौंडा-११*

तिमीलाई मैले मेरो जिन्दगीमा रोजेँ
तिमीलाई मैले तिम्रो खुसीहरु खोजेँ

तिमिलाई मैले मेरो जीवनको मोडमा रोजेँ
तिमीलाई मैले मेरो जिन्दगीमा रोजेँ

तिमीलाई मैले आफ्नो खुसी त्यागी दिएँ
तिमीलाई मैले मेरो जिन्दगीमा रोजेँ ।

## गजल

✍ **भुपेन्द्र महत**

तिम्रो मजेत्रो फाटेछ आमा म टाल्छु भनथ्यो
पिर सुर्ता नगर सुख सँग म पाल्छु भनथ्यो

विश्वास कस्ले निभायो चेतना अधेरो भो रे
भरोसा जगमगाउने बत्ती बाल्छु भनथ्यो

जर्जर भो रे उर्बर माटो, बाँझो कती राख्नु
रगतले गन्हाकोछ, पसिना हाल्छु भनथ्यो

पुर्खाको सिको बिर्सिएछ, कती छिटो आमा !
अब स्वाभिमान निखन्ने काम थाल्छु भनथ्यो

दुई खोच बिच अल्मल्लिएको हाबाको झोक्का
अब त आफ्नै मन र पनमा ढाल्छु भनथ्यो

राहतको अनुभुती के गरेथे झल्यास ब्युझे
कस्तो देखेछु सपना बिक्रिती फाल्छु भनथ्यो

# रिस र आह्रिस

लघुकथा

✍ **नगिता राई लेप्चा**

हामी गोर्खा प्राप्त गरेको बहुमूल्य गिफ्ट नै हो रिस र आह्रिस । आफूलाई मननपर्ने, आफूलाई सहन नहुने अनुचित वा अन्यायको काम भइरहेको देख्दा कसैप्रति मनमा उठ्ने, रोष, क्रोध आदिलाई रिस भनिन्छ । रिस भनेको जंगलमा लागेको डढेलो जस्तै हुन्छ । डढेलो निभ्न गार्हो हुन्छ । एकपल्ट रिस उठेपछि सेलाउन गाह्रो हुन्छ । संसारमा कसैलाई नउठेको रिस हामी गोर्खेहरुलाई उठ्छ । यो गोर्खे रिसलाई काबुमा ल्याउन सके निश्चय नै गोर्खाहरूले संसार विजय गर्नेथिए । बाजै, बराज्यू, जिजु च्याप्जुकै पालोदेखि उठ्ने रिसका पोका हामी गोर्खे सन्तानले आफ्नो बुद्धि अरुलाई समर्पित गरिसकेका छौं । यसैले बूढापाकाहरू भन्थे, रिस खा आफू बुद्धि खा अर्का ।

रिस गोर्खाहरूको ट्रेड मार्क हो । यिनै रिसले गर्दा किन चाउरिस मरिच आफ्नै रागले भने जस्तो भइसकेका छौं । किनभने रिस हाम्रो जातिको पहिचान हो, चिन्हारी हो । हामी गोर्खेहरूको रिस संसारभरिका मानिसहरूलाई थाहा छ । तर रिसाएका गोर्खेहरूले केही तछार्न सक्दैनन् भन्ने कुरो पनि उनीहरूलाई थाहा छ । र त हाम्रैहरू हाम्रैहरूलाई घोँच्दै भन्छन्, गोर्खेहरू रिसाउँदैनन्, रिसाउँदैनन् रिसाएपछि केही नाप्दैनन् । हाम्रो टाउकामा रिस, नाकको टुप्पोमै रिस आँखामै रिस । यसो भनुँ, हामी गोर्खेहरूको शिरदेखि पुच्छरसम्मै रिसै रिस । रिस उठेपछि हामी मच्चिन्छौं मच्चिन्छौं फेरि पछि आफै थच्चिन्छौं । हामी आवेसमा ग्यास बेलुनजस्तै फुलिन्छौं अनि एकक्षणमै स्याप्पै पनि सुकिदिन्छौं । आवेशमा फुलिने अनि पछि फेरि सुकिदिने । यही नै हो हाम्रो जातिको आइडेण्टिटी ।

गोर्खाहरूको वीरताको कदर गर्दै विदेशीहरूले गोर्खेहरूलाई सम्मानपूर्वक प्रदान गरेको गोरखाली शब्द, यो गोरखाली शब्द वीरताको परिचय हो । तर रिसको चुँडेलले भेटेर गोरखाली शब्दको पहिलो दुइ शब्द गोर उतै कता उहिल्यै हराइ पठाएकाले अब खाली (भित्र केही नभएको खोक्रो) मात्र भएका छौं हामी । हामी खाली । हाम्रो भँडार खाली । हाम्रो योजना खाली । हाम्रो राजनीति खाली (खोक्रो) । राजनीतिका रणनीतिहरू झन् खाली न खाली । रिक्त । ब्ल्याङ्क । विचार बुद्धि खाली । सपना खाली । हाम्रो लागि अरुले सपना देख्ने भएका छन् । हामी त्यो सपना पनि देख्न सकिरहेका छैनौं ।

भन्नु उसो होइन, रिसले ह्रास गराउँछ, वियोग गराउँछ । रिसले कहिल्यै पनि जोड्दैन । नसोंची रिसाउने बानी परेको हामीगोर्खे जाति हाम्रो काम बिग्रिएपछि मात्र पछुतो गर्ने बानी छ । हामी हतारमा रिसाउँछौ अनि फूर्सदमा पस्ताउँछौ । यो गोर्खे रगतकै खेल हो । रिस उठेपछि के के गर्छौं गर्छौं तर रिसको पारा शून्य डिग्रीमा आएपछि हामी लाजै पचाएर भन्छौं, के गर्नु मलाई हाई ब्लड प्रेशर छ । रिसको झोंकमा के के भनें भनें....एक्सक्यूज मी प्लिज । सरी । बस यो सरी शब्द कति पचेको हामी गोर्खेलाई ।

रिस त भयो भयो । रिस सितै बोनसस्वरुप आएको आह्रिस गोर्खेहरू किपट नै हो । रिस गोर्खेहरूको ज्यान हो भने आह्रिस गहना । बेला बेला हामी खाँटी डाइनोसर नै भइदिन्छौं । अझ जिब्रामा यसो सेन्तेरेम पस्यो कि सर्वनाश। सेन्तेरेम रगत रगत बग्नु थाल्यो कि गोर्खे रकेट लञ्चर भइहाल्छ । कुरै छैन । संसार मेरै हो । बस सेन्तेरेम सकिँदै गयो भने फेरि रिसका पोका यै गोर्खेहरू बुहारी झारजस्तै स्याप्पै ।

हामीले आह्रिस गर्नुमात्रै ज्यान गुमायौं । तर देखासिकी गर्न कहिल्यै जानेनौं । रिसले हामीलाई पचाइसक्यो , हामीले रिस पचाउन जानेनौं । सेन्तेरेमले हामी गोर्खेहरूलाई खायो अनि आह्रिसले ओरिजिनल अथवा अर्ग्यानिक बाँदर बनायो । अन्य जातिमा हाँसी हाँसी आफ्नो काम फत्ते पार्ने कला हुन्छ । तर हामी गोर्खेहरू भने रिस र आह्रिसको पिङमा मच्चिएर बनिसकेको काम पनि आफ्नो हातबाट उम्काइ पठाउँछौं ।हामी दूध बेचेर सेन्तेरेम ठट्टाउँछौं । अरुहरू भने सेन्तेरेम बेचेर दूध पिउँछन् । र त परैहरू उच्च ओहोदमा चाकरी गर्छन् ।


हामीलाई अरुले सेन्तेरम खान सिकायो तर हामीले अरुलाई सेन्तेरमा चाख्न सम्म सिकाएनौं । यो गोर्खे जातिको उदार हृदयको परिचय हो । हामीले आफ्नै छिमेकी, शाखा सन्तान. ईष्टमित्र, साथी सँगीको आह्रिस गर्न मात्रै सिक्यौं तर देखासिकी गर्न कहिले सिकेनौं, न कोशिष नै गर्‍यौं । प्रेमी-प्रेमीका रिसाउँछन्, लोग्ने स्वास्नी रिसाउँछन । प्रेमि प्रेमिकाको रिसमा रिस फ्रेने, साटो फेर्ने वा रेभेण्ज लिने भावना नभएर त्यस्तो रिसमा रोमाण्टिकता बढी हुन्छ । प्रेमिका ठुस्किन्छे, सानो कुरामा रिसाउँछे, प्रेमिको फदयमा आघात पर्छ ।

हामी खुकरीवीर पनि कलमवीर पनि । तर त्यसभन्दा पनि हण्ड्रेड पर्सेण्ट रिसवीर, आह्रिसवीर र सन्तेरेमवीर । यी तीनैवटा वीरत्व गोर्खे टाउकोदेखि पैतालासम् जुका जस्तै टाँसिएको छ । धैर्य हामीमाझ नभएको होइन । धैर्य नहुनेहरू शिखरमा पुगेका उदाहरण हामीसित थुप्रै छन् । तर नब्बे प्रतिशत धैर्य नै रिस आह्रिस र सेन्तेरेमको किटाणुले खाएर शेष भएको छ । जबसम्म यी किटाणुबाट हामी गोर्खेहरू जोगिन, टाडनि सक्दैनौं तबसम्म हामी कुवाको भ्यागुता झैं भइरहन्छौं ।

अन्यायप्रति रिसाउनु बुद्धिमता हो । ब्यर्थैमा रिसाउनु नदुखेको कपाल चोयाले बाँधेर दुखाउनु हो । अब हामीले आह्रिस होइन देखासिकी गर्नु सिक्ने समय आएको छ ।हामी खुकरीवीर पनि कलमवीर पनि । तर त्यसभन्दा पनि हण्ड्रेड पर्सेण्ट रिसवीर, आह्रिसवीर र सन्तेरेमवीर । यी तीनैवटा वीरत्व गोर्खे टाउकोदेखि पैतालासम् जुका जस्तै टाँसिएको छ । धैर्य हामीमाझ नभएको होइन । धैर्य नहुनेहरू शिखरमा पुगेका उदाहरण हामीसित थुप्रै छन् । तर नब्बे प्रतिशत धैर्य नै रिस आह्रिस र सेन्तेरेमको किटाणुले खाएर शेष भएको छ । जबसम्म यी किटाणुबाट हामी गोर्खेहरू जोगिन, टाडनि सक्दैनौं तबसम्म हामी कुवाको भ्यागुता झैं भइरहन्छौं ।

अन्यायप्रति रिसाउनु बुद्धिमता हो । ब्यर्थैमा रिसाउनु नदुखेको कपाल चोयाले बाँधेर दुखाउनु हो । अब हामीले आह्रिस होइन देखासिकी गर्नु सिक्ने समय आएको छ ।

**चित्रकला**



**दिपशना थापा**
कक्षा: १०, जी.एस. निकेतन मा.वि. हेटौंडा

# विमानस्थलमा अध्यागमन र प्रहरी आमनेसामने

काठमाडौं/शुक्रबार मध्याह्न १२:०५ बजे अध्यागमन अधिकृत छायाँलाल मोक्तान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको डिपार्चर बाट एराइभलतिर जाँदै थिए । वाक थ्रु (एक्स-रे) गेट पास गरेका आएका उनलाई ड्यूटीमा खटिएका प्रहरी जवानले शरीर खानतलासी लिन खोजे, मेटल डिटेक्टरले जाँच्न खोजे ।

मोक्तानले आफू अध्यागमन अधिकृत भएको र 'केही अघि मात्रै चेक भएको' बताए । अनि आफ्नो सामान लिएर निस्किन खोजे ।

विमानस्थलका एसएसपी दिप शमशेर राणाका अनुसार, प्रहरीले जाँच्न खोजेपछि अध्यागमन अधिकृत मोक्तानले अपशब्द बोल्दै दुर्व्यवहार गरे ।

त्यसक्रममा अध्यागमन अधिकृत र प्रहरी जवानबीच भनाभन र धकेलाधकेल भयो । त्यहीबेला त्यहाँ खटिएका असई आइपुगे ।

उनले आफूमाथि कुटपिट भएको भन्दै मोक्तानले विमानस्थल अध्यागमन कार्यालयलाई जानकारी गराए । त्यसपछि प्रमुख अध्यागमन अधिकृत गोगन हमाल क्लोज सर्किट (सीसी) क्यामराको फुटेज हेर्न प्रहरी कहाँ पुगे ।

फुटेजमा फुटेजमा असईले अध्यागमन अधिकृतलाई कुटेको देखेपछि हमालले भने, 'प्रहरीले अत्ति नै गरेछ नि !'

अध्यागमनका अधिकृतहरुका अनुसार त्यति भन्नासाथ प्रहरी जवान फेरि प्रतिवाद गर्दै हातपात गर्न अघि सरे । त्यसक्रममा हमाललाई पनि उनले लात्ता हानेको अध्यागमनका अधिकृतहरु बताउँछन् । प्रहरी चाहिँ 'कर्मचारीहरुको हुल भएका बेला प्रहरीले एकोहोरो कुटेको भन्ने' गलत भएको बताउँछन् ।

'बर्दीमा भएको व्यक्ति अनुशासित हुनुपर्थ्यो, त्यहाँ गल्ती भयो । तर प्रहरीलाई पनि अपशब्द बोल्दै धकेलेपछि घटना भएको हो', त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयमा कार्यरत् एक अधिकृतले भने, 'हाम्रा सई सा'बको पनि गालामा चोट लागेको रहेछ ।'

एसएसपी राणा यो क्षेत्रमा खटिएको प्रहरीले जोकोहीलाई पनि खनतलासी गर्ने दाबी गर्छन् । अध्यागमनका अधिकृतहरु भने कर्मचारी देखेपछि प्रहरीले झन् दुःख दिने गरेको आरोप लगाउँछन् ।

गृह मन्त्रालयले भने शुक्रबारको घटनाबारे छानबिन गर्न सह-सचिव थानेश्वर गौतमको नेतृत्वमा समिति बनाएको छ ।

**गृह पुगेर पनि नटुंगिएको विवाद**

गृह मन्त्रालय मातहत रहेर विमानस्थलमा खटिने दुई निकायका अधिकारी धकेलाधकेल र कुटपिटको तहमा उत्रिनुअघि लामो पृष्ठभूमि रहेको जानकारहरु




बताउँछन् । उनीहरुका अनुसार लामो समयदेखि उनीहरुबीच रहेको असमझदारी र बेमेल शुक्रबारको घटनामा पोखिएको हो ।

प्रहरी अधिकृतहरुका अनुसार, भिजिट भिसाका नाममा मानव तस्करी भएको घटनामा उपत्यका अपराध अनुसन्धान कार्यालयले अध्यागमन विभागका कर्मचारीहरु तान्न थालेपछि विवाद सुरु भएको थियो ।

विमानस्थलबाट पछ्याउँदै निस्किएको खादा पोशाकको टोलीले १८ मंसिरमा अध्यागमनका अधिकृत नरवीर खड्कालाई पक्राउ गरेको थियो । उनलाई पक्राउ गर्दा कार्यालयले उनको साथबाट ६६ जना युवाको सूची फेला पारेको थियो, जो नरवीर पक्राउ पर्नु केही दिनअघि भिजिट भिसामा खाडी मुलुक गएका थिए ।

सत्तारुढ नेकपा माओवादी निकट ट्रेण्ड युनियनमा समेत रहेका खड्का पक्राउ परेपछि अध्यागमनमा अधिकृतहरुको भागभाग चलेको अधिकृतहरु बताउँछन् । अनुसन्धान भइरहँदा काज सरुवा मिलाएर अर्का अधिकृत नाराबहादुर कुँवर उम्किए । पछि बुबाको निधन भएर अन्तिम संस्कारमा सहभागी भएका उनलाई प्रहरीले फरार प्रतिवादी बनाएर मुद्दा अघि बढाएको थियो ।

नरवीरको नेपाली युवालाई रुसी सेनामा पठाउने गिरोहसँग पनि सम्बन्ध देखिएको छ । जिल्ला प्रहरी परिसर, काठमाडौंले गरेको अनुसन्धानका क्रममा उनले ५० हजार रुपैयाँ लिएर पीडितलाई दुबई पठाएको खुलेको थियो । त्यो रकम उनले आफ्नो बहिनी भावनाको नेपाल बैंकमा रहेको खाताबाटै लिएका थिए ।

आफैं पक्राउ परेपछि नरवीरले प्रहरी बयानमा अरुको पनि पोल खोल्न थाले । भिजिट भिसामा जानेका लागि भनेर बनाइएको सहजिकरण समितिमार्फत विचौलियाका मान्छेलाई विदेश पठाउने गरिएको उनले बयान दिए । प्रहरीका एक उच्च अधिकृतका अनुसार, नरवीरको साथबाट प्रहरीले दुई वटा डायरीमा पनि फेला पारेको थियो, जसमा अध्यागमनका अरु कर्मचारीलाई रकम दिइएको विवरण उल्लेख छ ।

अनुसन्धानमा संलग्न अधिकृतका अनुसार, अध्यागमनमा तीन सिफ्टमा १४० कर्मचारी काम गर्ने र सबैसम्म रकम पुग्ने उनले बयान दिएका थिए । 'नरवीरले यसमा विभागसम्मकै सेटिङ हुने बताएका थिए, गम्भीर रुपमा छानबिन हुँदो यसको लहरो निकैमाथिसम्म पुग्ने देखिएको थियो', स्रोतले भन्यो, 'उनको बयानपछि धेरै कर्मचारीहरुको भागाभाग भएको थियो ।'

प्रहरीले विमानस्थलको मुख्यद्वारमा कहिले मानवबेचबिखन ब्यूरो त कहिले अन्य युनिटबाट समानान्तर गतिविधि गर्दा अध्यागमन बदनाम भएको भन्दै उनीहरुले माथिल्लो निकायमा ज्ञापन-पत्र समेत बुझाएका थिए । त्यसक्रममा कर्मचारीले गृहमन्त्री नारायणकाजी श्रेष्ठसमक्ष प्रहरीले दुःख दिएको गुनासो समेत गरे ।

गृहमन्त्री श्रेष्ठले प्रहरी प्रमुख वसन्तबहादुर कुँवर, उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौर र काठमाडौं प्रहरी प्रमुख एसएसपी भुपेन्द्र खत्रीसँग छुट्टाछुट्टै छलफल समेत गरे ।

त्यहीबीच प्रहरीले गृहमन्त्रीसमक्ष यो अनुसन्धान अघि बढ्दा कहाँसम्म पुग्यो र सेटिङमा को को संलग्न थिए भन्नेबारे ब्रिफिङ गऱ्यो । मन्त्रालय स्रोतका अनुसार, त्यसबेला प्रहरीले अध्यागमनका कर्मचारीको मिलेमतोमा दैनिक एक करोड रुपैयाँसम्म संकलन गरेको विवरण भेटिएको जानकारी गराइएको थियो ।

'पुरुष भए ३० देखि ३५ हजार र महिला भए ५० हजार रुपैयाँसम्म लिने गरेको विवरण प्रहरीले देखाएको थियो', स्रोतले भन्यो, 'संलग्न कर्मचारीहरुको सूची पनि प्रहरीले ल्याएको थियो ।' प्रहरीले नरवीरको बयानको भिडियो समेत खिचिसकेको थियो, जसमा अन्य कर्मचारीको मिलेमतोबारे उल्लेख थियो ।

अनि थप प्रतिवादी नबनाई रायसहित जिल्ला सरकारी वकिलको कार्यालय पठाइएको प्रतिवेदन फर्कायो । थप ९ अध्यागमन अधिकृतमाथि अनुसन्धान गर्न निर्देशन आयो । अहिले उनीहरुविरुद्ध पनि पक्राउ पूर्जी जारी भएको छ ।

अनुसन्धान अधिकृतहरुका अनुसार, भिजिट भिसामा जानेका लागि कडाइ गर्न भन्दै २०७८ सालमा गृह मन्त्रालयले १७ बुँदे निर्देशन जारी गरेको थियो । त्यसमा भिजिट भिसामा जानलाई कक्षा १२ को औपचारिक शिक्षा हुनुपर्ने, वार्षिक न्यूनतम ५ लाख रुपैयाँ कर योग्य आय हुनुपर्ने लगायतका प्रावधानहरु थिए ।

'त्यसमा भएका कतिपय प्रावधान भिजिट भिसामा जान खोज्नेहरुले पूरा गर्नसक्ने खाल्का थिएनन्, त्यसमै खेलेर कन्सल्टेन्सीहरु मार्फत नक्कली कागजात बनाएर असूली गर्ने धन्दा चलेको थियो', अनुसन्धानमा संलग्न एक अधिकृत भन्छन् ।

हालै गृहमन्त्रालयले पुरानो निर्देशनलाई खारेज गर्दै अहिले प्रावधानहरु खुकुलो पार्दै ६ बुँदे नयाँ कार्यविधि ल्याएको छ ।

भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका तत्कालीन गृह सचिव टेकनारायण पाण्डेले निर्देशिका जारी गरेका बेला अध्यागमन अधिकृत ताराबहादुर कुँवरलाई यो गिरोहलाई सहयोग गर्ने गरी पठाएको प्रहरी अनुसन्धानको निष्कर्ष छ ।

'कुँवरपछि यो गिरोहको नेतृत्व नरवीरले गरेका रहेछन्, उनीमार्फत माथिल्लो तहसम्मको सूचना पाएका थियौं', अनुसन्धान अधिकृतहरु भन्छन् । तर, त्यो बीचमा प्रहरी र अध्यागमका अधिकारीहरुले गृह नेतृत्वसमक्ष एकअर्काको पक्ष र विपक्षमा सूचनाहरु दिने काम गरिरहे, अनुसन्धान अलपत्र परिरह्यो ।

प्रहरीले पनि भिजिट भिसाको अनुसन्धान निष्पक्ष रुपमा भइरहेको छ र अगाडि जो आएपनि कानूनी दायरामा आउँछन् भन्ने सन्देश दिने गरी काम गर्न नसकेको मन्त्रालयका एक अधिकारी बताउँछन् । किनकि, यो मामलामा प्रहरीका जवानले प्रतिव्यक्ति १० हजार रुपैयाँ लिएको खुलेको थियो ।

उनीहरु पक्राउ पनि परेका थिए, तर माथिल्लो तहका प्रहरी अधिकृतसम्म अनुसन्धान पुग्न सकेन ।

विमानस्थल अध्यागनका कर्मचारीहरुको भनाइमा, यो मामलामा विमानस्थलमा खटिएका एक जना प्रहरी नायब उपरीक्षक (डीएसपी) को पनि संलग्नता देखिएको थियो । 'तर, प्रहरी आफ्ना डीएसपीप्रति नरम देखियो', अध्यागमनका कर्मचारीहरुको आरोप छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका अधिकृतहरु भने प्रमाणले देखिएको भए डीएसपी मात्र नभइ अझै माथिल्लो तहकालाई समेत पक्राउ गर्न समस्या नहुने दाबी गर्छन् ।

**भन्सारसँग पनि मिलेको छैन तालमेल**

विमानस्थलमा प्रहरीको टसल अध्यागमनसँग मात्र होइन, भन्सारसँग पनि सम्बन्ध सहज छैन । पछिल्लो समय भन्सारमा आफ्नो उपस्थिति हुनुपर्ने भन्दै प्रहरीले लबइङ गरिरहेको थियो ।

राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास बैरागीले बुझाएको विमानस्थल सुरक्षा सुदृढीकरण सम्बन्धी प्रतिवेदनमा पनि प्रहरीलाई विमानस्थलको आगमन कक्षतिर राख्नुपर्ने भनिएको थियो ।

प्रहरी उच्च अधिकृतहरुका अनुसार, यो विषयमा गृह प्रशासन पनि सकरात्मक थियो, तर अर्थमन्त्रालयबाट स्वीकृति भएर आउँदा सशस्त्र प्रहरी परिचालन गर्ने निर्णय भयो ।

'भन्सारका कर्मचारीहरुलाई प्रहरीभन्दा बरु सशस्त्र खटियोस् भन्ने भयो, त्यसपछि विमानस्थलमा प्रहरी र कर्मचारीबीच टसल बढ्दै गयो', एक अधिकृत भन्छन् ।

भन्सारलाई बुझाएको कतिपय सामानको कमिसन र लिलामीका विषयमा पनि प्रहरीको असन्तुष्ट छ । प्रहरीले बरामद गरेको कतिपय सुन, चाँदी लगायतका वस्तुको कसिमनवापतको रकम समेत भन्सारले प्रहरीलाई नदिएको कतिपय प्रहरीको आरोप छ ।

जानकारहरुका अनुसार, बरामद भएका चोरीका गाडीको लिलामीको सन्दर्भमा पनि प्रहरी र भन्सारको कुरा मिलेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# सौगातले नभ्याएपछि 'रङ्गेली'मा आर्यनको केमियो







काठमाडौं/मल्टीस्टारर फिल्म 'रङ्गेली' आगामी फागुन २५ गते (महाशिवरात्री)बाट प्रदर्शनमा आउने तयारीमा छ । टिजर र पोस्टर सार्वजनिक भैसकेको फिल्मको केही प्रतिशत छायांकन भने अभिनेता सौगात मल्लको पखाईमा रोकिएको थियो । उनी काम गर्न सकारात्मक पनि थिए । तर, माघ २६ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'हात्तीछाप'को प्रचारका कारण उनले फिल्मलाई समय दिन सकेनन् ।

सौगातले नभ्याएपछि उनको ठाउँमा निर्माण टिमले अभिनेता आर्यन सिग्देललाई भित्रिएको छ । अघिल्लो हप्ता काठमाडौंमा उनको भागको छायांकन पनि भैसकेको छ । फिल्ममा उनको भूमिकाबारे कुनै जानकारी प्राप्त भएको छैन । यद्यपि, फिल्म ग्याङस्टार जनरामा निर्माण भएकाले आर्यनको भूमिका पनि ग्याङस्टार हुनसक्ने आँकलन गरिएको छ । फिल्ममा आर्यनको केमियो मात्र छ ।

अर्जुन सुवेदीको लेखन तथा निर्देशन रहेको 'रङ्गेली'मा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी लगायतको प्रमुख भूमिका छ । बलियो 'स्टारकास्ट'का कारण फिल्मले घरेलू बक्स अफिसमा सुखद् अंक जोड्ने प्रक्षेपण गरिएको छ । फिल्मका कार्यकारी निर्माताामा जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा छन् । सुशन प्रजापतिले फिल्मको छायांकन गरेका हुन् ।

आर्यनको कामको कुरा गर्दा उनी यही माघबाट दिनेश राउतको निर्देशनमा बन्न लागेको फिल्म 'पूजार सार्की'को छायांकनमा व्यस्त हुँदैछन् । अर्को वर्ष निर्देशक राउतको अर्को फिल्म 'गाउँ नै र माइलो'मा पनि उनी काम गर्ने तयारीमा छन् । उनको पाइपलाइनमा अरु दुई फिल्म 'दौंतरी' र 'सञ्जीवनी' पनि छ । तर, केही वर्षयता फिल्मको श्रृंखलाबद्ध असफलताले उनको करिअर संकटमा छ ।

# नेपाली फिल्ममा खल्तीको योगदान




काठमाडौं/केही वर्षयता डिजिटल वालेटप्रति सर्वसाधारणको आकर्षण निकै बढेको छ । अचेल धेरैजसोले सुनदेखि नुनसम्मको पैसा डिजिटल वालेटबाटै तिर्ने गरेका छन् । र, सेवा प्रदायक कम्पनीहरुले पनि विभिन्न सुविधा र उपहारका योजनाहरु ल्याइरहेका हुन्छन् । खल्ती एपले भने फिल्म पारखीहरुलाई आकर्षित गर्न नेपाली फिल्मको टिकट खरिदबापत 'क्यासब्याक'को सुविधा दिँदै आइरहेको छ ।

'परस्त्री', 'हल्कारा', 'बिहे पास', 'छड्के २', 'छक्का पन्जा ४' लगायतका फिल्मको टिकट काट्दा खल्तीले १० प्रतिशत 'क्यासब्याक' दिएको थियो । यो नेपाली फिल्मका लागि ठूलो योगदान हो । खल्तीले नेपाली फिल्मको प्रचारमा पनि हातेमालो गर्दै आएको छ । 'बहाव', 'फूलबारी', 'महापुरुष' लगायतका फिल्म रिलिजको क्रममा खल्तीले क्विजदेखि 'लक्की ड्र'सम्मको योजना ल्याएको थियो ।

३ वर्षमा खल्तीले ४० बढी नेपाली फिल्मसँग सहकार्य गरि सकेको छ । जसले गर्दा नेपाली फिल्मको प्रचारदेखि व्यापारसम्ममा ठूलो सहयोग पुगेको छ । 'बहाव'का निर्माता श्रीधर पौडेल खल्तीले नेपाली फिल्मलाई साथ दिन थालेपछि नेपाली फिल्मको मार्केटिङ शैली नै बदलिएको बताउँछन् । 'बहाव' रिलिजका क्रममा खल्तीले दिएको साथले प्रचारमा ठूलो प्रभाव पारेको उनको अनुभव छ ।

शुक्रबारबाट स्थापनाको ७ वर्ष पूरा गरेको खल्ती एपबाट देशका ५१ वटा हलका १२० वटा पर्दामा टिकट काट्न सकिने जनाइएको छ । यसले दर्शकलाई पनि सहज बनाएको छ । रुरुमोबाइल रिचार्जदेखि बिजुली, खानेपानी, इन्टरनेट, डीटीएचको महसुल भुक्तानी, प्लेन टिकेटिङ, इभेन्ट्स टिकेटिङ, होटेल रुम बुकिङ गर्ने र अनलाइनमार्फत् किनमेलको भुक्तानी समेत खल्तीबाट गर्न सकिन्छ ।

# 'पिताम्बर'मा एक्सन अवतारमा देखिँदै प्रदीप

काठमाडौं/अभिनेता प्रदीप खड्काको 'पाइपलाइन'मा फिल्म थपिने क्रम जारी छ । उनी यही माघबाट फिल्म 'पूजार सार्की'को छायांकनमा जोडिँदैछन् । त्यसपछि उनले आगामी वर्षका लागि 'ऐरी' र 'एक्टर'मा काम गर्ने निश्चित भैसकेको छ । अब उनले कृषा चौलागाईंको निर्देशन रहने नयाँ फिल्म 'पिताम्बर'मा पनि काम गर्ने भएका छन् । आइतबार कृषा र प्रदीपबीच कागजी सम्झौताको तयारी छ ।



प्रदीप फिल्मको कथा सुन्ने वितिक्कै सकारात्मक देखिएका थिए । तर, उनी आफ्नो क्यारेक्टरलाई लिएर आफैं विश्वस्त हुन सकेका थिएनन् । निर्देशक चौलागाईंले त्यो क्यारेक्टरमा उतार्न सक्ने विश्वास दिलाएपछि मात्र उनी फिल्ममा काम गर्ने निर्णयमा पुगेको स्रोतको दाबी छ । फिल्ममा उनी एक्सन भूमिकामा देखिने जानकारी प्राप्त छ । त्यसका लागि उनले शरीर कसिलो बनाउनुपर्नेछ ।

फिल्मको यही माघ अन्तिमबाट तराईमा एक हप्तासम्म पहिलो चरणको छायांकन गरिँदैछ । त्यसबेला प्रदीप भने 'पूजार सार्की'को छायांकनमा हुनेछन् । निकट स्रोतका अनुसार, 'पिताम्बर'को पहिलो चरणको छायांकनमा प्रदीपको सिन छैन । अभिनेता कामेश्वर चौरासिया र बाल कलाकारको मात्र छायांकनको तयारी छ । फागुनपछि हुने दोस्रो चरणको छायांकनमा मात्र प्रदीप जोडिनेछन् ।

केही दिनदेखि निर्देशक चौलागाईं तराईका विभिन्न ठाउँमा फिल्मका लागि 'लोकेशन' हेरिरहेकी छन् । केही दृश्य हुस्सुमा खिच्नुपर्ने भएकाले उनलाई हतारो छ । उनी काठमाडौं फर्किएपछि कलाकारसँग सम्झौता गरेर छायांकन सुरु गर्ने तयारीमा छिन् । फिल्ममा अहिलेकी एक चल्तीकी अभिनेत्री पनि अनुबन्धित भइसकेको स्रोतको दाबी छ । फिल्मलाई पुरुषोत्तम प्रधानले छायांकन गर्नेछन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# अफगानिस्तानलाई रोक्दै नेपाल यू-१९ विश्वकपको सुपर सिक्समा

काठमाडौं/तीव्र गतिका बलर आकाश चन्द र कप्तान देव खनालको उत्कृष्ट प्रदर्शनमा आईसीसी यू-१९ विश्वकप २०२४ मा नेपाल अफगानिस्तानलाई १ विकेटले हराउँदै सुपर सिक्समा पुगेको छ ।

नेपाल समूह डी बाट तेस्रो स्थानमा रहँदै सुपर सिक्समा पुगेको हो । जितको लागि १४६ रनको मध्यम विजयी लक्ष्य नेपालले ४४.४ ओभरमा ९ विकेट गुमाउँदै पूरा गऱ्यो ।

नेपालको जितमा कप्तान देव खनालले ८९ बलमा ७ चौका सहित सर्वाधिक ५८ रनको कप्तानी इनिङ खेले । नेपालले ओपनर अर्जुन कुमाललाई १०, तेस्रो नम्बरका गुलशन झालाई १ र विपिन रावललाई २ रनमा गुमाएको थियो । खलिल अहमदले ओपनर विपिन रावललाई योर्करमा २ रनमा एलबीडब्लू आउट गरेपछि नेपाल ८.१ ओभरमा २४-३ को अवस्थामा पुगेको थियो ।

त्यसपछि नेपालको इनिङ सम्हाल्न चौथो विकेटका लागि देव र आकाशले ९० बलमा ४९ रनको साझेदारी गरेका थिए । स्पिनर नासिर खानले त्रिपाठीलाई १६ रनमा अली अहमदबाट क्याच गराउँदै साझेदारी तोडेका थिए ।

त्रिपाठीले ३९ बलमा १ चौका प्रहार गरे । दीपेश कँडेल ४ र दीपक डुम्रे ५ रनमा आउट भएका थिए । दीपक बोहरा ४२ बलमा ४ चौकासहित २७ रनमा आउट भए । टिमलाई जितको लागि ६ रन चाहिँदा दीपक बोल्ड आउट भएका थिए । आकाश चन्द १ रनमा आउट भए । सुवास भण्डारी २९ बलमा १ चौका सहित ९ रनमा नट आउट रहे ।

अफगानिस्तानका फरिदुन दावुड्जाईले ४.४ ओभरमा २१ रन खर्चेर ३ विकेट लिए । खलिल अहमद र नासिर खानले २-२ विकेट लिए । अरब गुल र घजान्फरले १-१ विकेट लिए । त्यसअघि दक्षिण अफ्रिकाको बफेलो पार्क इस्ट लन्डनमा टस जितेर पहिला ब्याटिङ रोजेको अफगानिस्तान ४०.१ ओभरमा १४५ रनमा अल आउट भएको थियो ।

अफगानिस्तानका स्पिन अलराउन्डर मोहम्मद अल्लाह घजान्फरले २१ बलमा ४ चौका र ३ छक्कासहित सर्वाधिक ३७ रन बनाएका थिए । एक समय अफगानिस्तान २०.३ ओभरमा ८८-८ को अवस्थामा पुगेको थियो । नवौं विकेटका लागि फरिदुन डावुड्जाई र कप्तान नासिर खानले ५५ रनको साझेदारी गरेका थिए । नासिर खान ८३ बलमा ३ चौकासहित ३१ र नमा दीपेश कँडेलको बलमा कट एन्ड बोल्ड आउट भए । फरिदुनले ६५ बलमा ४ चौकासहित २९ रनमा आउट भए ।

नेपाललाई तीव्र गतिका बलर गुल्शन झाले पहिलो ओभरको चौथो बलमा ओपनर नौमान साहलाई शून्यमा दीपक डुम्रेबाट क्याच आउट आउट गराउँदै पहिलो सफलता दिलाएका थिए ।

त्यसपछि अर्का तीव्र गतिका बलर आकाश चन्दले पाँच विकेट लिदै नेपाललाई खेलमा हाबी गराएका थिए । आकाश चन्दको दोस्रो ओभरको तेस्रो बलमा एज लागेर खलिद टनिवाल विकेटकिपर विपिन रावलबाट क्याच आउट भए । जाशिमद जद्रानलाई ३ रनमा बोल्ड आउट गरे । त्यसपछि सोहिल खानलाई ४ र अली अहमदलाई शून्यमा आउट गर्दै ३४-५ को दयनीय अवस्थामा पुर्याएका थिए । आकाशले २० रन बनाएका हसन इशाखिललाई दीपेशबाट क्याच गराए । उनले ३५ बलमा ४ चौका हानेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# महानगरमा गुणस्तरहीन खानेकुरा बेचे २ लाखसम्म जरिवाना

काठमाडौं/काठमाडौं महानगरपालिकाले अखाद्य वस्तु 'कटन क्यान्डी' बेच्नेलाई कारबाही गर्ने भएको छ । काठमाडौं महानगरले शुक्रबार एक सूचना जारी गर्दै गुणस्तर नभएका खानेकुरा कटन क्यान्डी लगायत बेचबिखन गरेको पाइए ५ हजारदेखि २ लाख रुपैयाँसम्म जरिवाना गर्ने जनाएको हो । महानगरको सूचनामा छ, 'बजार व्यवस्थापन तथा अनुगमन ऐन २०७७ को दफा ३० ले दिएको अधिकार प्रयोग गरेर जरिवाना गराइने छ ।'

महानगरपालिकाले बालबालिकालाई लक्ष्य गरी खुला बेचिने कटन क्यान्डी (मिठाइ) वडा नम्बर ७ चाबहिल चोकबाट नमुना संकलन गरेर २९ पुसमा राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालामा परीक्षणका लागि पठाएको थियो ।

यसरी पठाइएको नमुनामा 'रोडामिन बी' नामक अखाद्य रङ मिसाइएको प्रतिवेदन प्राप्त भएपछि महानगरले अनुगमन गरेर कारबाहीको तयारी गरेको हो ।



महानगरका कृषि तथा पशुपन्छी विभाग प्रमुख डा. अवधेशकुमार झाले बजार अनुगमन गर्दा उत्पादन गर्ने उद्योग नभेटिएको बताए । 'हामी यसलाई पूर्णनिषेध गर्ने तयारीमा छौं तर अनुगमन गर्दा उद्योग भने भेटिएन,' उनले भने, 'यहाँ बिक्री चाहिँ धेरै हुने रहेछ । अब बिक्रीलाई रोक्ने हो ।'

महानगर बजार अनुगमन समिति संयोजक तथा उपमेयर सुनिता डंगोलले बालबालिकाका लागि खानेकुरा किन्दा गुणस्तर हेरेरमात्र किन्न आग्रह गरिन् ।

खानेकुरा किन्दा उत्पादन मिति, उपभोग्य मिति, अधिकतम मूल्य, खाद्य अनुज्ञा अनुमतिपत्र सम्बन्धी जानकारी भएको लेबल हेरेरमात्र खरिद गर्न महानगरपालिकाले उपभोक्तालाई आग्रह गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

### हेटौंडामा कांग्रेसको स्थापना दिवस

# 'जनप्रतिनिधिले इमान्दारिता पूर्वक जिम्मेवारी निर्वाह गर्नुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ हेटौंडामा नेपाली कांग्रेसको ७८ औं स्थापना दिवस मनाइएको छ । नेपाली राष्ट्रिय कांग्रेसको पहिलो अधिवेशन भएको मिति २००३ माघ १२ लाई आधार मानेर कांग्रेसले हरेक वर्ष स्थापना दिवस मनाइँदै आएको हो ।

नेपाली कांग्रेस बागमती प्रदेश समितिले शुक्रबार हेटौंडामा एक कार्यक्रमको आयोजना गरी स्थापना दिवस मनाएको हो । कांग्रेस स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमका प्रमुख अतिथिका रुपमा आएका पार्टी पूर्वमहामन्त्री प्रकाशमान सिंहले राजनीतिलाई सेवाको रुपमा लिनुपर्नेमा जोड दिए । प्रकाशनमानले राजनीतिमार्फत समाज र राष्ट्रको सेवामा ध्यान दिन सबैमा आग्रह गरेक छन् ।

'प्रधानमन्त्री बनौंला, माननीय बनौंला, मेयर बनौंला भनेर हामी राजनीतिमा आएका होइनौं, हामी त जनताको अधिकार दिलाउन राजनीतिमा लागेका हौं ।', नेता सिंहले भने, 'राजनीतिलाई सेवाको क्षेत्रको रुपमा स्थापित गराउन ध्यान दिनुपर्छ ।', नेपाली कांग्रेस पार्टीलाई लोकप्रिय पार्टीको रुपमा आजसम्म स्थापित गर्न आफ्ना पिता गणेशमान र अन्य नेताहरुको भूमिकालाई उनले स्मरण गरे । पार्टी र पार्टीबाट प्रतिनिधित्व गरेर बनेका जनप्रतिनिधिले इमान्दारिताका साथ आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्नेमा उनले जोड दिएका छन् ।




सबैले आफ्नो जिम्मेवारी पूरा गरेमा जनताले चाहेको सुशासनलाई अनुभूत गराउन सक्ने उनको भनाइ थियो । जनताको इच्छा आकांक्षा पूरा गर्न निस्वार्थ भावले काम गर्नुपर्ने नेता सिंहले बताए । विगतदेखि नै विभिन्न राजनीतिक परिवर्तनमा कांग्रेसले नेतृत्व गरेको भन्दै नेता सिंहले २०७२ को संविधान जारी गर्नसम्म नेतृत्वदायी भूमिका निर्वाह गरेको स्मरण गरे । कांग्रेसकै नेतृत्वमा प्राप्त भएको संविधानको रक्षाको लागि अहिले अन्य दलसँग गठबन्धन गरेर अघि बढिरहेको भन्दै उनले वर्तमान सत्ता गठबन्धनलाई अझै बलियो बनाएर संविधान र लोकतन्त्रको रक्षा गर्नुपर्ने बताए ।

नेपाली राष्ट्रिय कांग्रेसको पहिलो अधिवेशन भएको दिनको स्मरणमा स्थापना दिवस मनाउँदै आएको कांग्रेसले जहानियाँ राणा शासनको अन्त्य गर्दै प्रजातन्त्र स्थापनाको नेतृत्व गरेको थियो भने ७ दशकपछि गणतन्त्र स्थापनाको नेतृत्व गर्दै अहिले पनि संसद्को सबैभन्दा ठूलो दलकारुपमा रहेको छ । नेपालमा १०४ वर्षे राणा शासन फ्याँक्ने नेतृत्व गरेको कांग्रेसले ३० वर्षे एकदलीय निरंकुश पञ्चायती शासन व्यवस्थाको अन्त्य र २३८ वर्ष पुरानो शाहवंशीय राजतन्त्रको समेत अन्त्य गर्नेमा नेतृत्वदायी भूमिका निभाएको थियो ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको अध्यक्षतामा भएको स्थापना दिवस कार्यक्रममा केन्द्रीय सदस्य राजन केसी, कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिं लामा, नेकपा माओवादी केन्द्रका नेता सरल सहयात्री, कांग्रेस बागमती प्रदेश उपसभापति चन्द्र महर्जन, मकवानपुर सभापति बुद्ध लामा, बिहीबार मात्रै बागमती प्रदेशमा गठबन्धनबाट राष्ट्रियसभा सदस्य निर्वाचित भएका जीतजंग बस्नेत, विष्णुदेवी पुडासैनी, श्रीकृष्ण अधिकारी, घनश्याम रिजाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# बागमती गाउँपालिकामा दुईवटा पुलको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिका-५ मा रहेको लितिखोला र भोर्लेनीदेखि सिन्धुली जोड्ने बागमती खोलामा निर्माण हुने पुलको शिलान्यास गरिएको छ ।



पुलको बागमती प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामी र बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले शिलान्यास गरेका छन् । बागमती गाउँपालिकादेखि काभ्रेको खानिखोला जोड्ने जनमुक्ति मार्ग अन्तर्गत बगेरी र लिलावन जोड्ने लितिखोलामा पक्की पुल बन्ने भएको छ । शिलान्यासपछि प्रदेशसभा सदस्य पुलामी र गाउँपालिका अध्यक्ष घलानले समयमा काम सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन दिएका छन् ।

पुल निर्माणको टेण्डर ताण्डव सरस्वती जेभि हेटौंडालाई परेको थियो । आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेश योजना तथा भौतिक पूर्वाधार मन्त्रालयबाट विनियोजित बजेट २ करोड ९८ लाखमा निर्माण व्यवसायीले २ करोड १२ लाख ठेक्का सकारेका छन् । पुलको चौडाई ८ मिटर, लम्बाई २५ मिटरको हुनेछ । यसैगरी, बागमती गाउँपालिका-५ भोर्लेनी र सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका-१ चिसापानी जोड्ने १९४.२० मिटरको सस्पेन्सन ट्राईल बृज बन्ने पक्का भएको छ ।

ट्राईल बृज रामेछापको दावा कन्ट्रक्सनलाई टेन्डर परेर काम समेत सुरुवात गरिसकेको छ । बागमती प्रदेश सभा सदस्य पुलामी, बागमती गाउँपालिका अध्यक्ष घलान र हरिहरपुरगढी गाउँपालिका-१ का पूर्ववडाअध्यक्ष कार्साङ घलानको सयुक्त उपस्थितिमा सस्पेन्सन ट्राईल बृजको शिलान्यास गरिएको छ । शिलान्यास कार्यक्रममा बोल्दै पूर्ववडाअध्यक्ष घलानले पुलका लागि बजेट ल्याउन आफूसहित सांसद पुलामी र गाउँपालिका अध्यक्ष घलानले धेरै संघर्ष गर्नुपरेको बताए ।

पुल शिलान्यास कार्यक्रममा बागमती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलान, नेकपा माओवादी केन्द्र बागमती प्रदेश परिषद सदस्य ज्ञानसागर भोलन, बागमती-३ का वडाअध्यक्ष कमानसिङ पाखिन, बागमती- ५ का वडाअध्यक्ष बिजय भोलन, नेकपा माओवादी केन्द्र गाउँ कमिटी अध्यक्ष अरुण बल, वाइसीएल जिल्ला सचिव वीरबहादुर थिङ, पूर्वजनप्रतिनिधि बुद्धिमान माझी, रहरसिं थिङलगायतको उपस्थिति थियो ।

मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.को

**सूचना ! सूचना ! सूचना !**

*सूचना प्रकाशित मिति : २०८०।१०।१३ गते*

यसै वर्षको वार्षिक साधारण सभाबाट प्रत्येक शेयर सस्दस्यहरुबाट रु.२००।- (दुई सय) शुल्क लिई शेयर सदस्यहरुको दुर्घटनाबाट मृत्यु भएमा दुर्घटना बीमा रु. १,००,०००।- (एक लाख)का गरिने र शेयर सदस्यको कालगतिले मृत्यु भएमा संस्थाबाट रु. १०,०००।- (दश हजार) सम्मको काजक्रिया खर्च दिने निर्णय भएको हुँदा यस संस्थाको शेयर सदस्यबाट रु. २००।- (दुई सय) जम्मा गरी उक्त योजनामा सहभागी हुन अनुरोध गर्दछौं । थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

***नोट:*** *सूचना प्रकाशित भएको मितिबाट ७ (सात) दिनभित्र कार्यालयमा सम्पर्क गर्नुहोला । उक्त योजनामा रु. २००।- (दुई सय) जम्मा नगर्ने शेयर सदस्यहरुमा योजना लागु हुने छैन ।*

**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, स्कूलरोड

## हार्दिक बधाई



मेरो आत्मीय भाई एवम् शिक्षाविद् **श्री बद्रीनाथ शर्मा** उद्योग संघ मकवानपुरको **अध्यक्ष** पदमा चयन हुनुभएकोमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछु ।

**सावित्री ढकाल**
एवम्
**ढकाल परिवार**
हेटौंडा-११, मकवानपुर

# सूचनाको चलखेल र लोकतन्त्रका विषयमा अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ हेटौंडामा सूचनाको चलखेल र लोकतन्त्रका विषयमा अन्तरक्रिया भएको छ । सेन्टर फर मिडिया रिसर्च नेपालको आयोजनामा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा बागमती प्रदेशसभाका सदस्य तथा माओवादी केन्द्र बागमती प्रदेशका मुख्य सचेतक रत्नप्रसाद ढकालले मिथ्या सूचना रोक्नका लागि प्रदेशबाट काम गरिनुपर्ने बताए । मिथ्या सूचना प्रवाहले सामाजिक रुपमा राम्रो सन्देश नगएको भन्दै यसको नियन्त्रणमा सरकार नै लाग्नुपर्ने उनले बताए । सामाजिक सञ्जालबाट मिथ्या सूचना बढी प्रवाह भइरहेकोमा उनको चासो थियो । समाचार लेख्दा सत्यतथ्यमा आधारित रहेर मात्रै समाचार लेख्न पत्रकारलाई पनि उनले आग्रह गरे ।

डिजिटल मिडियाले पारेको प्रभाब धेरै भएकाले यसतर्फ ध्यान दिनुपर्ने उनको भनाई छ । कार्यक्रममा अर्का प्रदेशसभाका सदस्य सरल सहयात्रीले सत्यतथ्य समाचार मात्र बाहिर लग्न आग्रह गरे । कार्यक्रममा प्रदेशसभा सदस्य रमा आलेमगर, माया श्रेष्ठ, गीता गुरुङ, प्रदेश सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटा, हेटौंडा वडा ८ का अध्यक्ष रामकृष्ण थापा, जिल्ला बार एशोसिएसन अध्यक्ष अप्सरा बस्नेत तथा सञ्चारकर्मीले आफ्नो भनाई राखेका थिए । आइआरआइका प्रमुख युवराज आचार्यले सूचना चलखेल पात्र, कारण र तरिका, राजनीतिक अभियन्ता, व्यापारिक कम्पनी, वैदेशिक शक्ति, चरमपान्थी समूह र सरकारको मिथ्या सूचना, सूचना चलखेलका माध्यम र सामग्री, मिथ्या सूचना हुन नदिन आवश्यक तथ्यांक, मिथ्या सूचनाका रणनीतिबारे प्रस्तुत गरेका थिए ।

मिथ्या सूचना हुन नदिन आवश्यक तथ्यांक र मिथ्या सूचनाका रणनीति बारे व्याख्या गर्दै निर्वाचनको बेला मिथ्या सूचना कसरी फैलाइन्छ भन्ने बारे प्रस्तुत गरे । मिथ्या सूचनाबाट पर्ने असरहरु, सूचनामा अन्यौलका कारण पर्ने असरबारे बताउँदै कानुनी प्रावधानबारे प्रस्तुत गरेका थिए । सामाजिक संजालमा आउने मिथ्या र भ्रमपूर्ण सूचनाका कारण सर्वसाधारणलाई समस्यामा पार्ने गरेको छ ।

## विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीब्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र बिद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र बिद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- बिद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- बिद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्यौपाने र शर्मालाई सहिद बासुदेव स्मृति पुरस्कार दिइने

हेटौंडा, १२ माघ/ रिपोर्टर्स क्लब नेपाल मकवानपुरले सहिद बासुवेद घिमिरे स्मृति पत्रकारिता पुरस्कार-२०८० बाट दुईजना पत्रकारलाई नगदसहित सम्मान गर्ने भएको छ ।

बुधबार बसेको कार्यसमिति बैठकले माघ १६ गते सहिद दिवसका दिन जनही ८ हजार ८ सय ८८ रुपैयाँ राशीको पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । यो पुरस्कारबाट नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका पूर्व अध्यक्षसमेत रहेका लोकभावना पत्रिकामा आवद्ध नवराज शर्मा र बीमा पोष्ट अनलाइनका सम्पादक नवराज न्यौपानेलाई पुरस्कृत गर्न लागिएको संस्थाका अध्यक्ष बलराम पुडासैनीले जानकारी दिए । कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष सविन न्यौपाने र सामाजिक क्षेत्रमा योगदान पुऱ्याएको एउटा सामाजिक संस्थालाई समेत सम्मान गरिने जनाइएको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत



- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरु:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना